
अध्याय ५

# ईश्वरीय प्रेमको क्रोध



**शबाथ दउिसो**

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *भजनसंग्रह ७८; योना ४:१-४; मत्ती १०:८; मत्ती २१:१२, १३; यर्मिया ५१:२४, २५; रोमी १२:१७-२१।*

**याद गर्नुपर्ने पद: "तिनीहरूका हृदय उहाँप्रति ईमानदार थिएनन्, उहाँको करारप्रति तिनीहरू विश्वस्त रहेनन्। तापनि उहाँचाहिँ दयालु हुनुभएकोले उहाँले तिनीहरूका अपराध क्षमा गर्नुभयो, र तिनीहरूलाई नष्ट पार्नुभएन। बारम्बार उहाँले आफ्नो क्रोध रोक्नुभयो, र उहाँले आफ्नो सम्पूर्ण क्रोध उत्तेजित पार्नुभएन। उहाँले यही सम्झनुभयो, कि तिनीहरू त शरीर मात्र हुन्, जो सासजस्तो निस्कन्छ र फर्किआउँदैन।"** *(भजनसंग्रह ७८:३७-३९)*।

**परमेश्वरका** प्रेम, दया र करुणाप्रति हामी खुशी भए तापनि कतिपय समयमा उहाँको क्रोधप्रति हामीले आपत्ति जनाइरहेका हुन्छौं। कतिले भन्छन् परमेश्वर प्रेमिलो हुनुहुन्छ भने उहाँले कहिले पनि आफ्नो क्रोध देखाउनुहुन्न। तर यो धारणा गलत छ। उहाँको क्रोध नै उहाँको प्रेमबाट उब्जिएको हुन्छ।

सम्पूर्ण बाइबलको ज्ञानको कमी भएका कतिपय इसाईहरूले दाबी गर्छन् कि पुरानो करारमा वर्णन गरिएको परमेश्वर क्रोधको परमेश्वर हुनुहुन्छ, तर नयाँ करारले चित्रण गरेको परमेश्वर प्रेम मात्रको परमेश्वर हुनुहुन्छ। तर परमेश्वर एक मात्र हुनुहुन्छ, त्यसकारण दुवै करारमा प्रकट हुनुहुने परमेश्वर त्यही नै हुनुहुन्छ। दुष्ट, खराब र पापप्रति परमेश्वर रिसाउनुहुन्छ–त्यो रिस उहाँ प्रेमिलो *हुनुभएकै कारणले* हो भनेर हामीले

बुझ्नुपर्दछ। दुष्ट चाल, पाखण्डीपना, अन्याय र अत्याचारप्रति येशूले अत्यन्तै क्रोध व्यक्त गर्नुभएको थियो। नयाँ करारले नै कतिपयमा परमेश्वरको न्यायोचित, धर्मी र उचित क्रोधको विषयमा सिकाउँदछ।

खराब, दुष्ट, अन्याय र अत्याचारप्रति परमेश्वरले आक्रोस व्यक्त गर्नुभएको कुराचाहिँ उहाँ धर्मी, न्यायी र प्रेमिलो हुनुभएकै कारणले हुन्छ। परमेश्वरको धार्मिक, न्यायोचित र उचित क्रोधचाहिँ उहाँको भलो गर्ने र प्रेमिलो मिजासको कारणले हो। सारा सृष्टिको हित र समुन्नत उहाँ चाहनुहुन्छ। त्यसकारण, दुष्ट कामले गर्दा र खराब कामहरूलाई उक्साउने तत्त्व वा मानिसहरूका शिकारहरूको पक्षमा परमेश्वरको क्रोध जाग्दछ। यथार्थमा भन्ने हो भने, परमेश्वरको रिस परमेश्वरकै प्रेमको अर्को उपज हो।

# दुष्ट वा खराब तत्त्वहरूको बिगबिगीले दुःखित हुनुभएको परमेश्वर

बाइबलको परमेश्वर न्यायप्रति आशक्त हुनुहुन्छ तर खराब, बदमासी र पापप्रति आक्रोस व्यक्त गर्नुहुन्छ वा घृणा गर्नुहुन्छ। पाप र खराब तत्त्वको विरोधमा परमेश्वरले आफ्नो भावना व्यक्त गर्नुहुन्छ। दबिएका र दुर्व्यवहारमा परेकाहरूको पक्षमा उहाँले आफ्नो क्रोध व्यक्त गर्नुहुन्छ। खराब वा पाप गर्ने मानिसलाई नै त्यसले असर गर्दा उहाँ रिसाउनुहुन्छ। परमेश्वरले खराब र दुष्टतालाई किन घृणा गर्नुहुन्छ भन्दा त्यसले उहाँका जीवहरूलाई जहिले पनि हानी गरिरहेको हुन्छ। स्वेच्छाले आफ्नो शरीरलाई दुःख दिँदा पनि उहाँ दुष्टतालाई घृणा गर्नुहुन्छ। विद्रोही भावनाको चक्करमा लागिरहने मानिसहरूप्रति परमेश्वरले बारम्बर आपत्ति जनाउनुभएको बाइबलको विवरणमा छ। त्यो चक्कर यसप्रकारको छ:

कसैले दुष्ट वा खराब काम गर्छ भने त्यो व्यक्तिले परमेश्वरकै विरुद्धमा विद्रोह गरिरेको हुन्छ। कतिपय समयमा मानिसहरूले भयाभव बर्बर र अत्याचार गर्दछन्। बालबलि र परमेश्वरको निम्ति अरू कठोर र निष्ठुर कामहरू उहाँको निम्ति घृणास्पद हुन्छन्।

मानिसहरूकै चाहना वा निर्णयहरूअनुसार परमेश्वर तिनीहरूबाट आफ्नो हात झिक्नुहुन्छ।

मानिसहरूलाई विदेशी राष्ट्रहरूले दबाएका हुन्छन्।

उद्धारको निम्ति मानिसहरूले चित्कार गर्छन्।

आफ्नो अनुग्रहले मानिसहरूलाई उहाँले उद्धार गर्नुहुन्छ।

मानिसहरूले परमेश्वरको विरुद्धमा फेरि विद्रोह गर्छन्। कतिपय समयमा उहाँको विरुद्धमा भिषण विद्रोह गर्छन्।

भयानक खराब, विद्रोह र विश्वासघात बारम्बार गरे तापनि तिनीहरूप्रति परमेश्वर बफादार, सहनशील र धिरज हुनुहुन्छ। उहाँले अचम्मको अनुग्रह र गहिरो करुणाका साथ तिनीहरूसँग व्यवहार गर्नुहुन्छ।

पढ्नुहोस्: **परमेश्वरका जनहरूले नै बारम्बार उहाँको विद्रोह गर्दा उहाँका प्रत्युत्तरहरू भावनात्मक रूपमा कस्ता थिए? भजनसंग्रह ७८मा गरेको वयानलाई पढ्नुहोस्।**

_______________________________________________

_______________________________________________

_______________________________________________

बाइबलको अनुसार प्रेम र न्याय एक सिक्काका दुई पाटाहरू हुन्। ती एक आपसमा बुनिएका छन्। खराब र दुष्ट तत्त्वको प्रत्युत्तरमा दिनुहुने परमेश्वरको क्रोध उहाँको प्रेमको उपज हो। खराब वा दुष्टताले जहिले पनि परमेश्वरले प्रेम गर्नुहुनेलाई चोत पऱ्याइरहेको हुन्छ। परमेश्वर अनुचित र आफ्नो मनोमानीले क्रोध देखाउनुभएको विवरण बाइबलमा कहीँ पनि छैन।

शताब्दीयौँदेखि परमेश्वरकै जनहरूले उहाँलाई त्यागे र उहाँको विरुद्धमा गद्दारी गरे तापनि उहाँले आफ्नो करुणा मानिसले अपेक्षा गरेकोभन्दा बढी निरन्तर रूपमा वर्षाइरहनुभएको छ *(नहेम्याह ९:७-३३)*। परमेश्वरको प्रेम, करुणा, दया र धैर्यताको गहिराइलाई मानिसहरूले बुझ्नै नसक्ने गरेर व्यक्त गरिरहनुभएको छ। हो, भजनसंग्रह ७८:३८ अनुसार, "उहाँचाहिँ दयालु हुनुभएकोले उहाँले तिनीहरूका अपराध क्षमा गर्नुभयो, र तिनीहरूलाई नष्ट पार्नुभएन। बारम्बार उहाँले आफ्नो क्रोध रोक्नुभयो, र उहाँले आफ्नो सम्पूर्ण क्रोध उत्तेजित पार्नुभएन।"

# परमेश्वर रिसाउनमा ढिलो

परमेश्वर प्रेमको परमेश्वर हुनुभएकोले नै खराब, दुष्ट तत्त्वहरूदेखि क्रोधित हुनुहुन्छ। परमेश्वर करुणामय र अनुग्रही हुनुहुन्छ। उनका ती गुणहरूप्रति बाइबलका एक जना अगमवक्ताले आपत्ति जनाएका थिए। उहाँ दयालु र क्षमाशील हुनुभएको कुरा त्यस अगमवक्तालाई पतक्कै मन परेको थिएन।

मनन गर्नुहोस्: **तत्कालिन सभ्यताको शक्तिशाली राज्य अश्शूरका मानिसहरू क्रूर, निष्ठुर र कठोर थिए। त्यस साम्राज्यको राजधानी निनभेका मानिसहरूप्रति करुणा देखाउनुभएको र क्षमा दिनुभएकोले योना परमेश्वरसँग अत्यन्तै रिसाएका थिए। योना ४:१-४मा परमेश्वर र योनाको बारेमा हामीलाई के बताउँछ?** *(मत्ती १०:८ पनि हेर्नुहोस्)*।

____________________________________________________

____________________________________________________

परमेश्वरको दयाप्रति योनाको नकारात्मक प्रतिक्रिया दुई कारणहरूले थियो। पहिलो त उनी आफै कठोर थिए। परमेश्वरलाई विश्वास नगर्ने अन्य जातिहरूप्रति उनको घृणा थियो। दोस्रोमा अश्शूरीहरूले इस्राएलीहरूलाई धेरै क्रूर व्यवहार गरेका थिए। तिनीहरूलाई परमेश्वरले दया देखाउनुभएको उनलाई पतक्कै मन परेको थिएन।

यसमा हामीले सिक्नुपर्ने पाठ छ। पहिलो पाठमा, हाम्रो बुझाइ जे भए तापनि अरूको विरुद्धमा हाम्रो मनस्थितिलाई ठिक राख्न हामी बढो होशियार अपनाउनुपर्दछ। परमेश्वरको अनुग्रह प्राप्त गर्नेहरू जतिसुकै पापी र क्रूर भए तापनि हामीहरूले आर्जन नगरेको अनुग्रहप्रति हामीहरू आभारित हुनुपर्छ र उहाँको अनुग्रह अरूहरूलाई पनि फैलाउनुपर्छ भन्ने मनस्थितिमा हामी सबै लाग्नुपर्दछ।

दोस्रोमा, योनाको प्रतिक्रियाले परमेश्वरको करुणा र अनुग्रह उहाँको चरित्रमा कतिको मजबुत भएको रहेछ भनेर देखाउँछ। परमेश्वरको अनुग्रहप्रति योना अत्यन्तै परिचित थिए। उनले यसरी नै व्यक्त गरेका थिए, "तपाईं अनुग्रहकारी र करुणामय, रीस गर्नमा धैर्यवान्, दयामा प्रशस्त, र दुःख दिनुमा बेखुशी हुनुहुने परमेश्वर हुनुहुन्छ भनी मैले जानेको थिएँ।" *(योना ४:२)*। निनभेको विरुद्धमा इन्साफ ल्याउनदेखि परमेश्वर

फर्कनुहुन्छ भन्ने कुरा उनलाई थाहा थियो। संसारका जुनसुकै राष्ट्र, धर्म र जातका मानिसहरूलाई परमेश्वरले दया देखाउनुहुन्छ र न्यायोचित व्यवहार गर्नुहुन्छ।

"रीस गर्न धिलो" वा "धैर्यवान्" भन्ने हिब्रू वाक्यांशको अझर अनुवादमा "लामो नाक" भनेर गरिन्छ। हिब्रू शैलीमा रीस नाकको प्रतिकसँग गाँसिएको हुन्छ। नाकको लमाइको प्रतिकको रूपले यो देखाउँछ कि रीसाउन कतिको समय लाग्दछ।

परमेश्वरको नाक कतिको लामो हुँदोरहेछ भन्ने शब्दको अर्थले उहाँ रीसउन असाध्यै ढिलो र सहनशील हुनुहुन्छ भनेर देखाउँछ। उहाँको रीस मानिसको जस्तै झट्टै उठ्दैन। उहाँ अत्यन्तै सहनशील र धैर्यवान् हुनुहुन्छ। उहाँले सित्तैमा र प्रसस्त अनुग्रह खन्याउनुहुन्छ। तर उहाँले पापलाई निर्दोष ठहराउनुहुन्न र अन्यायप्रति आफ्नो आँखा चिम्लनुहुन्न। बरु, परमेश्वर आफैले पाप र खराब तत्त्वको निम्ति क्रूसको माध्यमबाट क्षतिपूर्ति दिनुहुन्छ वा प्रायश्चित गर्नुहुन्छ। उहाँलाई विश्वास गर्नेहरूप्रति उहाँले न्यायोचित व्यवहार गर्नुहुन्छ र निर्दोष ठहराउनुहुन्छ *(रोमी ३:२५, २६)*।

**तपाईंलाई अन्याय गर्ने र दुःख दिनेलाई के तपाईंले कहिल्यै दया देखाउन असफल हुनुभएको छ? परमेश्वरले तपाईंलाई के गर्नुभयो सो याद गरेर अरूप्रति तपाईं पनि दयालु हुन तपाईंले कसरी सिक्ने? फेरि त्यसैबखत, पाप गर्ने, दुर्व्यवहार गर्ने र कसैलाई दबाउने मनस्थितिमा कोही नरहन तपाईंले इजाजत कसरी दिन सक्नुहुन्छ?**

# धर्मी क्रोध वा आक्रोस

रीसलाई व्यक्त गर्ने धेरै अनुचित तरिकाहरू छन् नै, तर बाइबलले "धार्मिक क्रोध वा आक्रोस"-को बारेमा हामीलाई सिकाउँदछ।

यो कल्पना गर्नुहोस्, एक जना आमाले आफ्नी तीन वर्षकी छोरी खेलिरहेकी हेरिरहेकी क्रममा कुनै मानिसले त्यस बालिकामाथि अचानक हमला गऱ्यो रे। त्यस परिस्थितिमा के उनी रीसाउनु अनुचित छ त? त्यस परिस्थितिमा रीस, प्रेमको उचित प्रतिक्रिया भएको मान्नुपर्दछ। यो उदाहरणले परमेश्वरको "क्रोध वा आक्रोस"-लाई बुझाउँदछ।

पढ्नुहोस्: **मत्ती २१:१२-१३ र यूहन्ना २:१३-१७ पढ्नुहोस्। यी पदहरूमा पुजारी र धर्मगुरुहरूले परमेश्वरको मन्दिर [वा चर्च भवन]-लाई कसरी प्रयोग गरिरहेका थिए, त्यसप्रति येशूले आक्रोस देखाउनुभएको थियो। खराब नियतहरूप्रति परमेश्वरको रीस कस्तो हुँदोरहेछ वा हुनेरहेछ भनेर येशूको व्यवहारले कसरी देखाउँदछ? मन्दिर वा चर्च भवनलाई दुरुपयोग गर्ने धर्मका अगुवाहरूलाई परमेश्वरले सधैँ त्यसै छोड्नुहुनेछैन भनेर येशूले देखाउनुभएको थियो।**

________________________________________

________________________________________

________________________________________

मन्दिरमा जाने येशूको चलन थियो। उहाँ मन्दिरमा गएर पूजा पाठ वा धार्मिक विधिहरू पूरा गर्न जानुहुन्नथ्यो तर मन्दिरको परिसरमा रहेर मानिसहरूलाई शिक्षा र उपदेशहरू दिनुहुन्थ्यो। एक दिन उहाँ मन्दिरको प्राङ्गनमा जानुभयो। त्यहाँ व्यापारी र धर्मगुरुहरूले मन्दिरलाई डाँकाहरूको ओडार बनाइरहेका देख्नुभयो। मन्दिरलाई तिनीहरूले आफ्नो फाइदाको निम्ति दुरुपयोग गरिरहेका थिए। मन्दिरलाई धन कमाउने व्यापारको केन्द्र बनाइएको थियो। धर्मकै नाउँमा तिनीहरूले विधवी, टुहुरा र गरिब तथा विपन्न वर्गहरूको शोषण गरिरहेका थिए *(मत्ती २१:१३ पढ्नुहोस् र यूहन्ना २:१६सँग तुलना गर्नुहोस्)*। परमेश्वरको भवनलाई दुरुपयोग गरिरहेको देखेर येशू आक्रोसित हुनुभयो। त्यस बेला उहाँले "ईश्वरीय जोश वा क्रोध" देखाउनुभएको थियो। त्यो

धार्मिक वा उचित क्रोध थियो। मन्दिरमा हुने विभिन्न विधिहरूचाहिँ परमेश्वरको अनुग्रही क्षमाशिलता र पापीहरूलाई सफा गर्ने कुराको प्रतिक थिए। तर यहूदी धर्मका मतियारहरूले त्यस मन्दिरलाई अत्यन्तै कमजोरीहरूलाई आघात पार्ने नियतले भ्रष्टाचारको अखडा बनाइरहेका थिए। धर्मकै नाउँमा धर्मका गुरु र पुजारीहरूले त्यस घृणास्पद स्वार्थी कारोबारको निम्ति येशू रीसाउनुहुन्नथ्यो होला?

मर्कूस १०:१३, १४ र मर्कूस ३:४, ५मा येशूले आफ्नो धार्मिक क्षोभ वा आक्रोस व्यक्त गर्नुभएको अरू उदाहरणहरू पाइन्छ। मानिसहरूले साना नानीहरूलाई येशूले आशिष् दिऊन् भनेर उहाँकहाँ ल्याएका थिए। तर चेलाहरूले तिनीहरूलाई हप्काएर धपाएका थिए। त्यो देखेर येशू अत्यन्तै अप्रसन्न वा असन्तुष्ट हुनुभयो। अक्षरसमा भन्नुपर्दा उहाँ रिसाउनुभएको थियो। उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "साना नानीहरूलाई मकहाँ आउन देऊ।" *(मर्कूस १०:१३-१४)*।

येशूले फारिसी धर्मगुरुहरूको नीतिमा हिँड्नुहुन्छ कि हुँदैन भनेर सधैँ तिनीहरू चियो गरिरहन्थे। एक शबाथ उहाँले एक जना बिरामीलाई निको पार्नुभएको थियो। त्यो देखेर उहाँले शबाथको आज्ञालाई तोड्नुभयो भनेर ती धर्मगुरुहरूले उहाँप्रति आक्रोस व्यक्त गरेका थिए। तब उहाँले तिनीहरूलाई यो सोध्नुभयो, "के शबाथमा असल काम गर्नु न्यायोचित छ कि खराब गर्नु, बचाउनु कि मार्नु?" *(मर्कूस ३:४)*। ती धर्मगुरुहरू जसले मानिसलाई दया देखाउनुभन्दा धर्मलाई प्राथमिकता दिएका थिए, ती देखेर उहाँ आक्रोसित हुनुभयो र तिनीहरूको कठोर हृदयले गर्दा उहाँ दुःखित हुनुभयो। उहाँले बिरामीलाई निको पार्ने आफ्नो कामलाई कायम गर्नुभएको थियो *(मर्कूस ३:५)*। धर्मको नाउँमा मानिसहरूलाई शोषण गर्ने र अरूप्रति निरङ्कुस हुने प्रवृत्तिप्रति येशू रिसाउनुभएको थियो। यो प्रेमबाट नै उब्जिएको धार्मिक क्षोभ वा आक्रोस थियो। कतिपय इसाईहरूले पुरानो करारका परमेश्वर रिसाहा परमेश्वर हुनुहुन्छ भनेर उहाँलाई नबुझीकनै आरोप लगाउँछन्। यदि उहाँ रिसाउनुभयो भने उहाँको रिस त्यही खालको धार्मिक आक्रोस थियो जुन येशूले पनि देखाउनुभएको थियो। पुरानो करारका परमेश्वर पनि प्रेमले नै परिचालित हुनुभएर आफ्नो आक्रोस व्यक्त गर्नुभएको थियो। आफूले माया वा प्रेम गरेकाहरूलाई कसैले खराब वा नोक्सान गर्छ भने उहाँ नरिसाईकन कसरी बस्न सक्नुहुन्छ होला?

**स्वार्थ र आफ्नो भाउ खोज्ने प्रवृत्तिले रिसाउने मिजास नै धार्मिक वा यथोचित आक्रोस व्यक्त गरेको हो भनेर त्यो ठीक देखाउन खोज्ने काम गर्नबाट हामी कसरी होसियार हुन सक्छौं? रिसको नाउँमा जथाभावी आक्रोस व्यक्त गर्दा हामीलाई नै धरापमा पार्नेभएकोले त्यसबाट हामी कसरी जोगिने?**

# परमेश्वरले जानाजानी कसैलाई कष्ट दिनुहुन्न

विपिन्न वर्ग, हेपिएका दलित, शोषित र मानवीय अत्याचारका शिकार भएका मानिसहरूको पक्षलाई साथ दिनुभएर तिनीहरूलाई शिकार बनाउने र शोषित वर्गहरूप्रति परमेश्वरले धार्मिक क्षोभ वा आक्रोस बारम्बार व्यक्त गर्नुभएको विवरण बाइबलभरि हामी पाउँदछौं। यदि खराब तत्त्व र दुष्टता छैन भने परमेश्वर रिसाउनुपर्ने कुनै कारण हुनेथिएन। उहाँका सृष्टिलाई हानी गर्नेहरूको विरोधमा मात्र उहाँ रिसाउनुहुन्छ।

विलाप ३:३१-३६मा लेखिएको छ कि कसैलाई दुःख दिनु परमेश्वरको हृदयमा नै छैन। दुष्टहरूलाई उहाँले दण्ड दिन चाहनुहुन्न तर प्रेमले गर्दा नै न्याय गर्ने अन्तिम आवश्यकता भएको थियो।

यो सत्य अत्यन्तै अर्थपूर्ण छ। यस सत्यले यो उदाहरण प्रस्तुत गर्दछ कि परमेश्वरले आफ्ना जनहरूलाई उहाँको क्षमाले निरन्तरता पाइरहनेरहेछ र उहाँले पश्चाताप गर्ने अवसर दिइरहनुभएर उहाँसँग मिलेको उहाँ चाहनुहुन्छ। तर मानव हृदयमा त्यो नीति उहाँले कतिसम्म जारी गर्नुहुन्छ भन्ने प्रश्न त खडा नै भइरहेको हुन्छ। उहाँका अगमवक्ताहरूमार्फत उहाँले यहूदीहरूलाई बारम्बार आफूतिर फर्कन आह्वान गर्नुभएको थियो, तर बारम्बार तिनीहरूले उहाँलाई सुन्न अस्वीकार गरेका थिए *(यर्मिया ३५:१४-१७; भजनसंग्रह ८१:११-१४)*।

पढ्नुहोस्: **परमेश्वरले बारम्बार आफ्ना जनहरूलाई तिनीहरूको पाप र दुष्ट चालबाट फर्क भनेर आह्वान गर्नुभए तापनि तिनीहरू पापकै दलदलमा रमाउन चाहेकोले तिनीहरूको शत्रु बेबिलोनले हमला गर्न दिनुभएर तिनीहरूमाथि उहाँको न्याय वा आक्रोस पोख्नुभएको थियो। निम्न पदहरूले यसको विषयमा के बुझाउँदछन्: एज्रा ५:६-१२; यर्मिया ५१:१७-२५, ४०-४४** *(२ इतिहास ३६:१६ पनि हेर्नुहोस्)*।

मानिसहरू हठी र पश्चात्ताप नगरी पापै गरिरहने बानीले गर्दा तिनीहरूप्रति परमेश्वर आक्रोसित हुनुभएको थियो। आखिरमा तिनीहरूले पाउने उहाँको सुरक्षाबाट हात झिक्नुभएको थियो। त्यसको फल स्वरूप बेबिलोनका राजा नबूकदनेसरको आक्रमणमा तिनीहरू परेका थिए *(एज्रा ५:१२)*। ती जनहरूको निम्ति केही उपाय नभएपछि मात्र परमेश्वरले तिनीहरूको सुरक्षाबाट हट्नुभएको थियो *(२ इतिहास ३६:१६)*। बेबिलोनले अत्याचार गरेर तिनीहरूलाई विनाश गरेकोले त्यस बेबिलोनलाई पनि परमेश्वरले पछि दण्ड दिनुभएको थियो *(यर्मिया ५१:२४, २५, ४४सँग जकरिया १:१५ तुलना गर्नुहोस्)*।

परमेश्वरका जनहरूमाथि ल्याइएका न्याय वा दण्डहरूको विषयमा बाइबलमा धेरै ठाउँहरूमा उल्लेख गरिएको छ। तिनीहरूलाई शत्रुहरूको हातमा परमेश्वरले नै किन सुम्पिनुभयो *(न्यायकर्ता २:१३, १४; भजनसंग्रह १०६:४१, ४२)* भनेर खोतलियो भने त्यो तिनीहरूकै निर्णयको उपज थियो। तिनीहरू परमेश्वरलाई त्यागेर अरू देवीदेवताहरूलाई पूजा गरेर भ्रष्ट भएकै कारणले तिनीहरूले भयाभव नतिजाहरू भोग्नुपरेको थियो *(न्यायकर्ता १०:६-१६; व्यवस्था २९:२४-२६)*। खराब, दुष्ट र पापहरूप्रति परमेश्वर क्रोधित हुनुभएकोले अन्तमा आएर सदाको निम्ति ती तत्त्वहरूलाई निर्मुल पार्नुहुनेछ। यो सबैको निम्ति उहाँको प्रेमको उपज हो किनकि उहाँले सारा ब्रह्माण्डको हित चाहनुभएको छ। शैतानको विद्रोह, उसले ल्याएको पाप र दुष्टताप्रति ती जगत ब्रह्माण्डका जीवनहरूले प्रश्न उठाएका थिए। तर जब पाप र शैतानको निर्मुल हुन्छ तब तिनीहरूले उठाएको प्रश्नको जवाफ तिनीहरूले पाउनेछन्।

तत्काल परमेश्वरले कसैलाई दण्ड दिनुहुन्न भन्ने कुराले उहाँको रीस र आक्रोसको बारेमा तपाईंलाई कसरी बुझाउन खोज्दछ? यदि परमेश्वर आफै रिसाउनमा ढिलो हुनुहुन्छ भने के हामीमाथि अन्याय, अत्याचार र हामीलाई दुःख दिनेप्रति हामी पनि धैर्य र सहनशील हुनुपर्दैन र? गलतहरूको शिकारलाई सुरक्षा दिने र स्याहार्ने क्रममा ती अधर्मीहरूको चालबाट हामी बिचलित नहुन के गर्नुपर्दछ?

# करुणा देखाऊ

परमेश्‍वरको क्रोध वा दण्ड भयाभव त छ नै। तर त्यो भयानक कदम अनैतिक वा प्रेमरहित छैन। त्यसको विपरीत दुष्ट र खराब तत्त्वहरूप्रति परमेश्‍वरले क्रोध वा आक्रोस व्यक्त गर्नुहुन्छ। त्यो भावना उहाँकै प्रेमको उपज हो। धुर्त, खराब र दुष्ट क्रियाकलापहरूको दुष्टताप्रति परमेश्‍वरको आक्रोस भयानक छ किनभने ती क्रियाकलापहरू परमेश्‍वरको शुद्ध भलो र राजशी शोभालाई सुहाउँदैन।

यस सन्दर्भमा परमेश्‍वरको स्वभावमा प्रेम अति आवश्यक गुण हो तर क्रोधचाहिँ होइन। यदि कुनै पनि समाज, राष्ट्र, व्यक्ति र निकायमा अन्याय, अत्याचार, खराब तत्त्वहरूले बास गर्दैन, त्यहाँ परमेश्‍वरको क्रोध हुँदैन। अन्तमा आएर, परमेश्‍वरको अत्यन्तै प्रेमिलो कदम भनेकै यस जगत ब्रह्माण्डबाट पाप, खराब तत्त्व, दुष्टता, अन्याय, अत्याचारलाई निर्मुल पार्नु हो। त्यस कदमले परमेश्‍वरको रिस, क्रोध, आक्रोस सदाको निम्ति प्रभावकारी रूपमा मेटिनेछ। त्यसको अर्थ यस नयाँ सृष्टि हुने पृथ्वी र जगत ब्रह्माण्डमा अन्याय, अत्याचार र खराब तत्त्वहरूको शिर कहिले पनि उठ्नेछैन। मानव र अरू जीवहरूको बीचमा हुने सिद्ध प्रेममा न्याय र अनन्तको आनन्द मात्रको उपभोग हुनेछ। परमेश्‍वरको क्रोध कहिले पनि प्रकट हुनेछैन। उहाँको क्रोधको आवश्यता कहिले पनि हुनेछैन। यो धारणा नै कति आनन्दमय छ!

पढ्नुहोस्: **कतिपय समयमा परमेश्‍वरको क्रोधको बहाना बनाई मानिसहरूले धर्मकै नाउँमा अरूलाई दण्ड दिन्छन्, बदला लिन्छन् र प्रतिकार गर्छन्। धर्मकै गुरु वा नाइकेहरूले आफ्ना मतमा नलाग्नेहरूलाई दण्ड, मार्ने, हत्या, हिँसा र बर्बर व्यवहार गर्ने अधिकार पाएको भनेर हुँकार गर्दछन्। के मानवीय प्रतिशोध ठिक हो त? के परमेश्‍वरले ती धर्मका मतियारहरूलाई दमन गर्ने अनुमति दिनुभएको छ त? मानिसले बदला लिने काममा परमेश्‍वरले गर्नुभएको मनाही दिने निम्न पदहरूलाई पढेर माथिका प्रश्नहरूको उत्तर पत्ता लगाउनुहोस्: व्यवस्था ३२:३५-३६; हितोपदेश २०:२२; हितोपदेश २४:२९; रोमी १२:१७-२१; र हिब्रू १०:२९-३१।**

कसैको न्याय गर्ने वा मूल्याङ्कन गरेर त्यसअनुसार कारोबार गर्ने परमेश्वरको क्षेत्राधिकारभित्र पर्छ भनेर बाइबलले बताउँछ। कसैको बारेमा फैसला वा न्याय गर्ने अधिकार परमेश्वरको हो, मानिसको होइन चाहे तिनीहरू जतिसुकै र जुनसुकै धर्मले मात्तिए तापनि। परमेश्वरको न्याय जहिले पनि न्यायोचित र सिद्ध हुन्छ। कसैको बदला लिने अधिकार परमेश्वरमै सुरक्षीत छ भने दुवै पुरानो र नयाँ करारले जिकिर गर्दछन्। पावलले व्यवस्था ३२:३५को वचनलाई उतार्दै रोमी १२:१९मा यो व्यक्त गर्दछन्, "प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ। किनभने, लेखिएको छ, **'बदला लिने काम मेरो हो, म नै बदला लिनेछु,'** परमप्रभु भन्नुहुन्छ।"

खराब, अन्याय, अत्याचार, आतङ्क र दमनको विरुद्धमा परमेश्वरले आफ्नै समयमा न्यायीक फैसला गर्नुहुनेछ, तैपनि येशूलाई विश्वास गर्नेहरूको पापीको निम्ति उहाँले बाटो तयार पार्नुभएको छ। यो परमेश्वर कै योजनाअनुसार हो भनेर पावलले यसरी बताउँछन्, "अनि स्वर्गबाट आउनुहुने उहाँका पुत्र जसलाई उहाँले मृतकबाट उठाउनुभयो, उहाँकै प्रतीक्षा तिमीहरू गर्दछौ, अर्थात् येशूको, जसले आउन लागेको क्रोधबाट हामीलाई छुटकारा दिनुहुन्छ।" *(१ थेसलोनिकी १:१०; यसलाई रोमी ५:८, ९सँग तुलना गर्नुहोस्)*। बर्तमान समयमा परमेश्वरको क्रोध निकम्मा त हुँदैन तर जो मानिसहरू येशूमा विश्वास राखेर उहाँको कदमा हिँड्छन्, तिनीहरूलाई त्यस क्रोधबाट छुट्कारा पाउनेछ। त्यो छुटकाराको प्रावधना ख्रीष्ट कै कारणले भएको हो।

**येशूको प्रायश्चितको विधिले न्यायलाई कसरी उचाल्दछ र त्यसै बखत हामीलाई क्रोधबाट उन्मुक्ति पाइरहन्छौं? यो प्रावधान तपाईंकै निम्ति बनाइएको हो भनेर महसुस गर्नुहोस्। तपाईं जतिसुकै कमजोरी हुनुभए तापनि परमेश्वरले उपलब्ध गराउनुभएको अनुग्रहप्रति आभारित हुने क्रममा तपाईंले अरूप्रति पनि कसरी अनुग्रही हुनुपर्दछ?**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित *पाट्रियार्कस एण्ड प्रोफेटसको* पृ. ३१५-३३०को "आइडोलेट्री आट साइनाइ" भन्ने अध्याय पढ्नुहोस्।

मरुभूमिको यात्राको दौरानमा इस्राएलीहरूले परमेश्वरलाई सुनको बाच्छामा झारेर पूजा गरेको सन्दर्भमा एलेन जी. ह्वाइट यसरी आफ्नो विचार व्यक्त गर्दछिन्, "परमेश्वरको विरुद्धमा इस्राएलीहरू गरेका षड्यन्त्रले गर्दा तिनीहरू दोषी हुन पुगेका थिए। परमेश्वर राजासँग सम्झौता गरेर उहाँको अख्तियारलाई मान्ने र उहाँका आदेशहरू पालन गर्ने तिनिहरूले प्रतिवद्धता जनाएका थिए। त्यसको फल स्वरूप उहाँबाट तिनीहरूले फाइदाहरू पाउँथे। परमेश्वरकै राज्यशासनले न्यायप्रणालीलाई निरन्तरता दिइनेथियो भने उहाँलाई विश्वासघात गर्नेहरूलाई दण्ड दिने अधिकार उहाँमा नै सुरक्षित राखिएको थियो। यहाँ पनि परमेश्वरको दयालाई प्रकट गरिएको थियो। उहाँले व्यवस्था वा कानुनलाई कायमै राख्नुभए तापनि सबै मानिसहरूलाई आत्मनिर्णयको अधिकार दिनुभएर आ-आफ्ना पापदेखि पश्चात्ताप गर्न उहाँले अवसर दिनुभएको थियो। जो हठी भएर उहाँको विरुद्धमा लाग्न जिकिर गरि नै रहे, तिनीहरू उहाँबाट अलग गरिएका थिए।

"पापलाई दण्ड दिनु अति आवश्यक थियो। इस्राएल देशका वरिपरि रहेका देशहरू मूर्तिपूजामा डुबिरहेका थिए। मूर्तिपूजाको विरुद्धमा परमेश्वरले आक्रोस देखाउनुहुन्छ भनेर उहाँले प्रमाणित गर्न चाहनुभएको थियो। दोषीहरूलाई दण्ड दिएर परमेश्वरका औजार मोशाले मूर्तिपूजाको अपराधलाई सार्वजनिक रूपमै गम्भिर भएर विरोध गर्ने लेखा राख्नु आवश्यक ठानेका थिए। छरछिमेकी देशहरूमा भएका मूर्तिपूजालाई इस्राएलीहरूले पछि गएर निन्दा गर्न पुग्दा होरेबमा यहोवालाई बाच्छाको मूर्ति बनाएर पूजा गरेको तिनीहरूका शत्रुहरूले तिनीहरूलाई याद दिलाउँथे। तर त्यस बेइज्जत गर्ने सत्यलाई महसुस गरेर नै बाच्छाको मूर्तिलाई पूजा गर्न पुग्दा मूर्तिपूजकहरूले आफ्ना गल्तीबाट पाएको भयानक दण्ड नै तिनीहरूको पापलाई परमेश्वरले सहमति जनाउनुभएको थिएन वा मूर्तिपूजा गर्नुपर्ने कुनै बहाना नै छैन भनेर प्रमाणित हुन्थ्यो।

"मूर्तिपूजाको पाप अपनाउने मानिसहरूलाई दण्ड दिनु नै परमेश्वरको न्याय र प्रेमको माग थियो। हजारौँ मानिसहरू परमेश्वरको न्यायले कष्ट भोग्नुपरेको थियो। लाखौँ मानिसहरू त्यस दण्डमा नपरून् भनेर नै त्यो कदम चालिएको थियो। धेरैलाई मुक्ति दिन उहाँले थोरैलाई दण्ड दिन आवश्यक थियो।" एलेन जी. ह्वाइट, *पाट्रियार्कस एण्ड प्रोफेटस*, पृ. ३०४, ३२५।

## छलफलको लागि प्रश्नहरू:

१. परमेश्वरको क्रोधप्रति धेरै मानिसहरू किन आपत्ति जनाइरहेका छन्? त्यसको बारेमा जानकारी हुन तपाईंलाई के धारणाले सहयोग गर्दछ?

२. परमेश्वरले सहमति नजनाउनुभएको धर्मकै नाउँमा अनेकौँ धर्मगुरुहरू विशेष गरेर इसाईहरूले अरूहरूलाई दबाउने र निरङ्कुर तरिकाले दबाउने र इसाई धर्मलाई जबरजस्ति लाड्ने प्रवृत्तिले के समस्याहरू उत्पन्न हुन सक्छ?

३. सुनको बाच्छो बनाएर परमेश्वरको विद्रोह गर्ने इस्राएलीहरूको विरुद्धमा उहाँले जनाउनुभएको आक्रोसलाई तपाईंले के भन्नुहुन्छ? के त्यसमा परमेश्वरको दया पनि देख्नुहुन्छ? परमेश्वरको न्यायचाहिँ प्रेमको उपज हो भनेर अरू के पदहरू तपाईं पाउन सक्नुहुन्छ?

४. हामीलाई यो थाहा छ कि परमेश्वरले मानिसहरूलाई धार्मिक र न्यायोचित रूपमा कारोबार गर्नुहुन्छ। तर खराब, अपराध र पापको विरुद्धमा व्यक्त गर्ने आक्रोस र दण्ड उहाँको धार्मिक र न्यायी मिजासको कारणले भएको थाहा पाउँदा-पाउँदै पनि अरूहरूलाई दोष दिने प्रवृत्तिबाट जोगिनु किन महत्त्वपूर्ण छ? १ कोरिन्थी ४:५लाई मध्यनजर राखेर हाम्रो चाला कस्तो हुनुपर्छ भनेर सोच्नु जरुरी छ: “यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ।”

# "के तिमीले शैतानले जितेको चाहन्छौ?"

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

मङ्गोलियामा चार जना जँड्याहाहरूले आक्रमण गरेपछि अमेरिकन मिसिनेरी आफ्नो कोठाभित्र चुकुल लगाएर बसिन्। उनलाई चोट पटक लागेको थियो, उनी डराएकी थिइन् र रुँदैथिइन्। उनी आफ्नो घर अमेरिकामा फर्किन तरखरमा थिइन्।

अर्को दुई दिनपछि अर्को मिसिनेरी उनलाई भेट्न आइन्। आफूलाई सान्त्वना दिन ती मिसिनेरी आएकी भनेर सोचिन्। तर उनले झन् गाली पो दिइन्, "के तिमी कोठामा बस्न अमेरिकादेखि यहाँ आएको हो? के तिमीले शैतानले जितेको चाहन्छौ?"

कस्तो हो यो? सान्त्वना देला भनेको त जोआनले गाली पो खाइन्। यस बेला उनी आफ्नो दुःखलाई सम्झेर त्यहाँ छोडेर आफ्नै देशमा जान झन् निर्णय गर्न सक्थिन्। तर आफू मङ्गोलियामा किन आइन् भनेर सोचिन्। सुरुमा उनी उजबेकिस्टानमा जान चाहेकी थिइन्। उनले रसियन भाषा पनि सिक्न थालेकी थिइन्। उनले साइरिलिक लिपी [रसियन भाषाको लिपी] पनि सिक्न थालेकी थिइन्। तर जब उजबेकिस्टानमा जान सकिनन् तब मङ्गोलियमा रहन पुगिन्। साइरिलिक लिपी उनले सिके पनि मङ्गलियाको भाषा उनले बुझिनन्। दुई महिना उनले मङ्गोलियाको भाषा सिक्न खोजिन्। येशूको बारेमा सुनाउन उनलाई आत्तुरी भएको थियो। भाषा नजानेकोले उनले केही पनि गर्न सकेकी थिइनन्। जँड्याहाले झन्डै हरेक हप्ता उनलाई आक्रमण गरेको थियो। उनी कोरिएन जातिका भएको कारण मानिसहरूले उनी पनि मङ्गलियान हुन् भनेर मङ्गोलियन भाषामा बोलचाल गर्दथे।

मङ्गोलियामा येशूको प्रेमको बारेमा जोआनले सुनाउन चाहेकी थिइन्। धेरै जँड्याहाहरूले आक्रमण गरेपछि त्यहाँका मानिसहरूप्रति उनको माया सेलाएको थियो।

एक दिन उनले प्रार्थना गरिन्, "हे प्रभु, यदि तपाईंले म यहाँ बसेको चाहनुहुन्छ भने, मलाई यस नराम्रो वातावरणबाट उकासी दिनुहोस् वा यस नराम्रो परिस्थिति र जँड्याहासँग मुकाबिला गर्न सहयोग गर्नुहोस्।"

उनी आफू मङ्गोलियमा नै बस्ने निर्णय गरिन् र परमेश्वरले के गर्नुहुनेछ सो उहाँको प्रतिक्षामा उनी बसिन्।

जँड्याहाहरूले उनलाई आक्रमण गर्न छोडेनन्। आफू सुरक्षित हुन परमेश्वरले जोआनलाई औजार उपलब्ध गराउनुभयो। तिन महिना भित्र उनी मङ्गोलियन भाषा राम्रोसँग बोल्न सिकिन्। यो अचम्मको कुरा थियो। उनले मङ्गोलियन भाषामा बाइबल सिकाउन सक्ने भएकी थिइन्। कसैले उनमाथि आक्रमण गऱ्यो भने उनले मङ्गोलियन भाषामा प्रतिकार गर्न र सहयोग माग्न सकेकी थिइन्। तर उनले येशूले जस्तै तिनीहरूलाई माया गर्न सकेकी थिइनन् किनकि उनलाई आक्रमण गर्दा उनले सहनुपर्ने पीडा गहिरो थियो।



*उनले मङ्गोलियामा एडभेन्टिस्ट काम सुरु गर्न सहयोग गरेकी थिइन्, र आज पनि उनी त्यही देशमा मिसिनेरी भएर सेवा गरिरहेकी छिन्।*